नेपाल सरकार

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

# बृहत्तर जनकपुरक्षेत्र विकास परिषद

मिति: २०८३/०१/१५

**कार्यकारी निरर्देक पद को नियुक्तिको लागि दरखास्त आव्हान सम्बन्धी सूचना विज्ञापन नं. १०।०८२।०८३**

बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्मा कार्यकारी निर्देशक पदको नियुक्तिको लागि परिषद् को ऐन २०५५ को दफा १७(१) बमोजिम खुल्ला प्रतिष्पर्धा बाट कार्यकारी निर्देशक नियुक्तिको लागि सञ्चालक परिषद्को २०८२/०७/०१ को बैठक बाट स्वीकृत कार्यविधि २०८१ अनुसार देहाय बमोजिमको योग्यता पुगेको इच्छुक नेपाली नागरिकबाट दरखास्त पेश गर्नको निम्ति सार्वजानिक सूचना प्रकाशित गरिएको छ। कार्यविधि २०८१ बमोजिमको निर्धारित मापदण्ड र योग्यता तथा कार्यविधि को दफा १० बमोजिम अयोग्यता नभएको हुनुपर्ने छ।

**इच्छुक उम्मेदबारहरुको देहायका कागजात पेश गर्नुपर्ने छ।**

१. कार्यकारी निर्देशक नियुक्ति कार्यविधि २०८१ को अनुसूची १ बमोजिमको दरखास्तको लागि विवरण।
२. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी
३. योग्यता, अनुभव र सम्पर्क खुल्ने व्यक्तिगत विवरण
४. मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उत्तिर्ण गरि मिथिलाको परम्परागत परम्परा, धर्म, संस्कृति भाषा र धार्मिक सम्पदाहरुको संरक्षण सम्वर्द्धन सम्बन्धी कार्ययोजना सहितको प्रस्तुतिकरण को दस्तावेज
५. दरखास्त फारम दस्तुर १०००।– तिरी परिषद्बाट लिनुपर्ने
६. दरखास्त दिने अन्तिम दिनसम्ममा ३० पुरा गरी ६० वर्ष ननाघेको
७. शैक्षिक योग्यता सम्बन्धी प्रमाणपत्रका प्रतिलिपि (विदेशी शैक्षिक संस्था भए समकक्षताको प्रमाणपत्र सहित पेश गर्नु पर्ने)
८. हाल सालै खिचेको पासपोर्ट साइजको फोटो (२ प्रति) र रु. ५०००।– पेश गरेको भौचर
९. दरखास्त दिने पदसंग सम्बन्धित अन्य कागजात भए सो को प्रतिलिपी र व्यक्तिगत विवरण सहित
१०. कार्यविधि २०८१ को अनुसूची २ बमोजिमको स्वघोषणा
११. आवेदकले संस्थाको अवधारणा पत्र, व्यवसायिक तथा आर्थिक कार्ययोजना, चुनौति, र अवसर तथा भावी रणनीतिक योजना समेत समावेश गरिएको देहायको विवरण समेटिएको कार्यविधि २०८१ को दफा ९ बमोजिम कार्ययोजना पेश गनुपर्ने छ।
   क) कम्तिमा ३००० देखि ५००० शब्दको हुनुपर्ने छ
   ख) नेपाली वा अंग्रेजी भाषामा A4 Size को कागजात कम्प्युटर टाइप गरिएको हुनुपर्ने छ।
   ग) पहिलो पृष्ठको सबभन्दा माथि आफनो नाम हुनुपर्ने छ।
   घ) सो बाहेक अन्य कहि कतै पनि नाम, दस्तखत वा आफूलाई चिनाउने कुनै संकेत प्रयोग गर्न पाइने छैन।
   ङ.) ४ बर्षे व्यवसायिक कार्ययोजना खाममा राखि सिलबन्दी गरिएको हुनुपर्ने छ।
   च) दरखास्त साथ व्यवसायिक कार्य योजनाको प्रस्तुतिकरण समेत छुटै खाममा सिलबन्दी गरी पेश गनुर्पे छ।
१२. दरखास्त पेश गर्ने अन्तिम मिति २०८३।०१।२१ सम्म।
१३. अन्तरवर्ता, प्रस्तुतिकरण २०८३।०१।२२ गते
१४. दरखास्त पेश गर्ने स्थान :– बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्को प्रधान कार्यालय, जनकपुरधाम
१५. विस्तृत : www.gjadc.gov.np बाट लिन सकिन्छ।

छनौट समिति

बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्

CamScanner